# तालिम तथा बैठकमा दिइने पारिश्रमीक र भत्ता सम्बन्धी कार्यविधि, २०७५

गाउँपालिकामा आयोजना हुने तालिम तथा बैठक एंव अन्य विषयमा पदाधिकारी सहभागी, कर्मचारी एवं विज्ञहरुलाई दिइने पारिश्रमीक तथा भत्ताहरुलाई व्यवस्थित गर्न यो कार्यविधी तयार गरी गाउँकार्यपालिकाको मिति २०७५-०१-१० को निर्णय अनुसार तयार गरिएको छ।

## खण्ड १

**१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

क) "पदाधिकारी" भन्नाले अध्यक्ष,उपाध्यक्ष, कार्यपालिका सदस्य,वडा अध्यक्ष र वडा सदस्य समेतलाई जनाउनेछ।

ख) "कर्मचारी" भन्नाले गाउँकार्यपालिका, वडा कार्यालय र विषयगत कार्यालयका स्थायी/अस्थायी, करार, ज्यालादारी कर्मचारी सम्झनु पर्नेछ सो शब्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउनेछ।

ग) "बिज्ञ" भन्नाले कुनै विषय/क्षेत्रमा जानकार व्यक्ति सम्झनु पर्नेछ।

घ) "गाउँपालिका" भन्नाले गुल्मीदरवार गाउँपालिकालाई सम्झनु पर्नेछ।

**२ कार्यपालिका,सभा र समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था**

क) गाउँ सभामा सहभागी हुने सभाका सद्स्यहरुलाई गाउँ सभा चलेको प्रत्येक दिनको देहाय बमोजिम बैठक भत्ता र अन्य सुविधा उपलब्ध गराइनेछ।

| पदाधिकारी | बैठक भत्ता दैनिक | आतेजाते खर्च (गा.पा.बाट सवारी साधन नलिनेलाई मात्र) | विहान बेलुका खाना खर्च | कैफियत |
|---|---|---|---|---|
| गाउँसभाका सदस्यहरु | १५००(दैनिक) | ५०० | ५००(दैनिक) | |

ख) गाउँसभामा सहभागी हुने पदाधिकारी बाहेक सभाको सचिव र सहयोगी कर्मचारीहरु बढीमा १० जनालाई देहाय बमोजिम सभा सन्चालन अवधिभर भत्ता र खाना खर्च उपलब्ध गराइनेछ।

| सि.न. | कर्मचारी | भत्ता | खाना खर्च |
|---|---|---|---|
| १ | सचिव (प्र.प्र.अधिकृत) | १५०० (दैनिक) | ५०० (दैनिक) |
| २ | सहयोगी कर्मचारी (बढीमा १० जना) | १००० (दैनिक) | ५०० (दैनिक) |

ग) कार्यपालिकाको बैठकमा सहभागी हुने सदस्यहरुलाई देहाय बमोजिम भत्ता तथा अन्य सुविधा उपलब्ध गराइनेछ।

| सि.न. | पदाधिकारी/कर्मचारी | वैठक भत्ता (प्रत्येक वैठकको) | आतेजाते खर्च |
|---|---|---|---|
| १ | कार्यपालिकाका सदस्य | १५०० | ५०० (गा.पा.बाट सवारी साधन नलिने पदाधिकारीलाई मात्र) |
| २ | सचिव (प्र.प्र. अधिकृत) | १५०० | |
| ३ | सहयोगी कर्मचारी (बढीमा ३ जना) | १००० | |

कार्यपालिकाको बैठकमा कुनै विज्ञको सहयोग लिनु पर्ने भएमा त्यस्तो बिज्ञलाई सचिव सरहको वैठक भत्ता र आउँदा जाँदाको गाडी भाडा रकम उपलब्ध गराइनेछ।

*स्पष्टिकरणः यस दफामा सदस्य भन्नाले गाउँ सभामा सो को अध्यक्ष र कार्यपालिकामा गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउनेछ।*

## खण्ड २

**३ अन्य समितिका सदस्यहरुको वैठक भत्ता र अन्य सुविधा**

**क) न्यायिक समितिका सदस्यहरुको भत्ता र पारिश्रमिक सम्बन्धी ब्यवस्थाः**

अ. न्यायीक समितिको बैठकमा सहभागी भए बापत बढीमा एक महिनाको एक बैठकलाई देहाय बमोजिम भत्ता र अन्य सुविधा उपलब्ध गराईने छ ।

| पदाधिकारी | बैठक भत्ता | आतेजाते खर्च (गाउँपालिकाबाट सवारी साधन नपाएकोमा मात्र) |
|---|---|---|
| संयोजक र सदस्य | १०००।- | ५००।- |
| कानूनी सल्लाहकार | १०००।- | ५००।- |
| सहयोगी कर्मचारी एक जना | १०००।- | |

**आ.** ईजलास सञ्चालन भएको बखत समितिको बैठकमा उपलब्ध गराए बमोजिमको भत्ता तथा अन्य सुविधा उपलब्ध गराईने छ ।

ख) **राजस्व परामर्श समिति-**

अ. समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु १०००

आ. कर सम्बन्धी बिज्ञ (आवश्यक भएमा बढीमा २ जनालाई)- रु १०००

इ. सहयोगी कर्मचारी( १ जनालाई)- रु ५००

ग) **श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरुलाई दिइने बैठक भत्ता तथा अन्य सुबिधा :**

अ.प्रति सदस्य प्रति बैठक रु १०००

आ. सहयोगी कर्मचारी(आवश्यक भएमा मात्र)- रु ५००

**घ) विषयगत समितिहरु**

अ. प्रति सदस्य प्रति वैठक- रु १०००

आ. आतेजाते खर्च-रु ५०० (गा.पा. बाट सवारी साधन नलिएका पदाधीकारीलाई मात्र)

इ. सहयोगी कर्मचारी (आवश्यक परेमा)- रु ५०० (प्रति बैठक)

**ङ) वडा समिति**

अ. प्रति सदस्य प्रति वैठक- रु १०००

आ. वडा सचिव प्रति बैठक-रु १०००

इ. सहयोगी कर्मचारी १ जना (आवश्यक परेमा)- रु १०००(प्रति बैठक)

**च) गाउँसभा वा कार्यपालिकाले आवश्यकता अनुसार गठन गर्ने बिभिन्न समिति वा कार्य टोलिमा रहने सदस्यहरुको बैठकलाई बढीमा ३ वटा बैठकको प्रति सदस्य रु १००० का दरले बैठक भत्ता उपलब्ध गराइनेछ।**

**छ) कुनै विषयमा स्थलगत अध्ययन, अनुसन्धान, छानविन गरी प्रतिबेदन पेश गर्न कार्यपालिकाको निर्णयद्वारा गठित कार्यदल वा कार्य टोलिलाई देहाय बमोजिम पारिश्रमिक वा भत्ता उपलब्ध गराईनेछ।**

| | यातायात खर्च (यातायातको साधन प्रयोग गर्नुपर्ने भएमा गा.पा.क्षेत्रभित्र जांदा र आउँदाको) | दैनिक भत्ता | खाना खर्च (प्रति दिन) |
|---|---|---|---|
| कार्यापालिकाले तोकेको अवधि सम्मको प्रत्येक दिनको प्रति सदस्य | (गा.पा.को सवारी साधन प्रयोग नगर्ने भएमा मात्र) रु ५०० | ७०० | ५०० |

*स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि स्थलगत रुपमा खटिने कार्यटोलीमा समितिका सदस्यहरुले स्थलगत प्रतिवेदन पेश गर्नुपर्नेछ।कार्यपालिकाले दिन तोकिदिएको भए सोही अवधिलाई दिन मानिनेछ, दिन नतोकिदिएको अवस्थामा कामको प्रकृति हेरि बढीमा ३ दिनको हिसाबले भत्ता वा अन्य सुबिधा उपलब्ध गराइनेछ।*

# खण्ड ३

**४ अन्य समितिका सदस्यको पारिश्रमिक र भत्ताः**

**क) कर्मचारी छनौट समिति, परीक्षा संचालन समिति र सो सँग सम्बन्धित ब्यक्तिहरु तथा कर्मचारीहरुको पारिश्रमीक र भत्ता सम्बन्धी व्यवस्थाः**

अ. गाउँपालिकामा कर्मचारी छनौट गर्न कार्यपालिकाद्वारा गठित छनौट समितिका सदस्यहरुलाई प्रति सदस्य प्रति बैठक रु.१००० ।— बैठक भत्ता ।

आ. छनौट समितिका सदस्य बाहेक कुनै विज्ञलाई आमन्त्रण गर्नु परेमा सदस्य सरहको बैठक भत्ताको अतिरिक्त नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ । दैनिक भ्रमण भत्ता दिन नमिल्ने स्थानको भए गाडी भाडा प्रचलित दररेट अनुसारको रकम र खाना खर्च बापत प्रतिदिन रु ५०० ।— का दरले उपलब्ध गराईने छ ।

**ख) कर्मचारी छनौट गर्न लिखित परीक्षा सञ्चालन गर्नुपर्दा सो कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीहरुलाई देहाय बमोजिम पारिश्रमिक वा भत्ता उपलब्ध गराईने छ ।**

**अ.** प्रश्नपत्र निर्माण प्रति (प्रश्न सेट प्रति विज्ञ) — रु. ८०० ।—

**आ.** प्रश्नपत्र मोडरेशन (प्रति प्रश्न से प्रति विज्ञ) - रु. ४०० ।—

**इ.** प्रश्नपत्र छपाईमा संलग्न कर्मचारी (बढीमा) २ जना — रु. १००० ।— (प्रतिदिन)

**ई.** केन्द्राध्यक्ष (१ जना) - रु. १००० ।— (प्रति सिटिङ्ग)

**उ.** सहायक केन्द्राध्यक्ष (१ जना रु. ८०० ।— (प्रति सिटिङ्ग)

**ऊ** निरिक्षक— रु. ५०० ।— (प्रति सिटिङ्ग)

**ए** सहयोगि कर्मचारी — रु. ४०० ।— (प्रति सिटिङ्ग) (प्रति केन्द्र एक जनालाई मात्र)

**ऐ** कार्यालय सहयोगि (१ जना) रु.३०० ।—

*स्पष्टीकरणः यस उपदफामा परीक्षा केन्द्र भन्नाले बढीमा ३०० जना उम्मेद्वार परीक्षार्थीले परिक्षा दिने केन्द्रलाई सम्झनुपर्नेछ ।*

ओ. उत्तर पुस्तिका कोडिङ्ग- रु. २ – प्रति उत्तर पुस्तिका

औ. उत्तर पुस्तिका डिकोडिङ्ग- रु. २ - प्रति उत्तर पुस्तिका

अं. उत्तर पुस्तिका परीक्षण- रु. ३० - प्रति उत्तर पुस्तिका

**अः** प्राप्ताङ्क ईन्ट्रि- रु. ०.५ प्रति (उत्तर पुस्तिका)

ग) **कर्मचारी छनौट गर्दा लिइने अन्तर्वार्ताको लागि अन्तर्वार्ता लिन उपस्थित सदस्य एंव विज्ञहरुलाई एक सिटिङ्ग अन्तर्वार्ता बापत छनौट समितिका सदस्य र विज्ञले पाउने सरहको भत्ता र अन्य सुविधा उपलब्ध गराईने छ ।**

घ) **कर्मचारी बैठकमा उपस्थित कर्मचारीहरुलाई बढिमा मासिक एक महिनाको बैठकको निमित्त प्रति कर्मचारी रु १००० बैठक भत्ता उपलब्ध गराइनेछ।**

ङ) **विधालय स्तरको परीक्षामा गाउँपालिकाले खर्च ब्यहोर्नु पर्ने भएमा देहाय बमोजिम भत्ता तथा पारिश्रमिक उपलब्ध गराईने छ ।**

**अ.** परीक्षा समितका पदाधीकारीहरुलाई बढीमा ३ वटा बैठकको निमित्त प्रति सदस्य रु. —५००।—

**आ.** प्रश्नपत्र निर्माण रु. ४००।— प्रति बिषय प्रति सेट प्रति विज्ञ

**इ.** प्रश्न पत्र छपाईमा संलग्न बढीमा २ जना कर्मचारीलाई प्रतिसेट प्रश्नको एकमुष्ट जनही रु. ४००।—

**ई.** प्रश्नपत्र मोडरेशन प्रतिसेट प्रति व्यक्ति रु. २००।—

**उ.** केन्द्राध्यक्ष- १ जनालाई- रु ८००।— (प्रति केन्द्र प्रति दिन)

**ऊ.** निरिक्षक (बढीमा ३० जना परिक्षार्थी बराबर एकजना निरिक्षक- रु. ५०० प्रति दिन)

**ऋ.** सहयोगी कर्मचारी (प्रतिकेन्द्र १ जना) - रु. ४००।—

**ए.** सहयोगी (प्रति केन्द्र १ जना) — रु. ३००।—

**ऐ.** परीक्षा अनुगमन कर्ता (प्रति दिन) - रु. ५००।—

**ओ.** उत्तर पुस्तिका परीक्षण

- रु. ८ प्रति उत्तर पुस्तिका (५१ देखि १०० पूर्णाङ्कसम्म)
- रु. ५ प्रति उत्तर पुस्तिका (५० सम्म पूर्णाङ्क भएमा)

**औ.** उत्तर पुस्तिका कोडिङ्ग- रु. १ (प्रति उत्तर पुस्तिका)

**अं.** उत्तर पुस्तिका डिकोडिङ्ग- रु. १ (प्रति उत्तर पुस्तिका)

अः प्राप्ताङ्क ईन्ट्रि — रु. ०.५० (प्रति उत्तर पुस्तिका)

**च) उपदफा (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति हुने कर्मचारी छनौटमा आयोग कै व्यवस्था बमोजिम हुने छ ।**

**छ) गाउँ शिक्षा समिति र वडा शिक्षा समितिका सदस्यहरुले पाउने पारिश्रमिक र अन्य सुविधाः**

अ. प्रति सदस्य प्रति बैठक - रु. ५००।— (२ महिनामा एकपटक बसेको बैठकलाई मात्र भत्ता उपलब्ध गराईने छ ।)

आ. आते जाते खर्च- रु. ५००।— (गाउँपालिका वा वडा कार्यालयबाट सवारी साधन प्राप्त नगरेका सदस्यहरुलाई मात्र ।)

## खण्ड ४

**५ गाउँपालिकामा सञ्चालन गरिने विभिन्न तालिम तथा गोष्ठीहरुमा आवश्यकता रऔचित्यका आधारमा देहाय बमोजिमको शिर्षकमा अधिकतम भत्ता तथा अन्य खर्च व्यहोरिने छ ।**

क. तालिम प्याकेज (Module) तयारी (आवश्यक भएमा) — रु. २५००।—

ख. मोड्यूल छपाई — रु. ५०।— (प्रति सहभागी / प्रतिदिन) (आवश्यक भएमा)

ग. तालिम सञ्चालनः

अ. कार्यपत्र रु १५० ।—

आ. संयोजक भत्ता रु. ६००

इ.सहभागी भत्ता रु. ५००।— प्रति सहभागी

ई. सहभागी खाजा रु. २००।— प्रति सहभागी

उ. सहभागी खाना रु. ३०० (विहान देखि तालिम सञ्चालन गर्नुपर्ने भएमा)

ऊ. स्टेश्नरी रु. १००।— प्रति सहभागी

ऋ. प्रशिक्षकको पारिश्रमिक —

- राजपत्राङ्कित कर्मचारी वा विज्ञ भए रु. १६००।— प्रतिशेसन
- रा.प.अनं. कर्मचारी भए रु. १२००।— प्रतिशेसन

ऌ. सहभागीको आतेजाते खर्च

- ✓ रु. १००।— ५ कि.मि. भित्रको सहभागीलाई
- ✓ रु. २००।- ५ देखि १० कि.मि. भित्रको सहभागीलाई
- ✓ रु. ३००।- १० कि.मि. र सो भन्दा बढि दुरीबाट आउने सहभागी

ऍ. मसलन्द रु. ५०००।—

ऎ. प्रतिवेदन रु. १०००।

ए. तालिम उद्घाटन रु. १५० प्रति उपस्थिति

ऐ. तालिम समापन रु. १५०।— प्रति उपस्थिति

ऑ. व्यानर रु. १०००।—

ऒ. लेखाको काम गर्ने कर्मचारी रु. ५०० (आवश्यक भएमा)

ओ. प्रमाणपत्र रु.६० (आवश्यक भएमा)

औ. हलभाडा/अन्य भाडा = गाउँपालिकाको दररेट ननाघ्ने गरी (आवश्यक भएमा)

अं. सहायक कर्मचारी रु. ३००

*स्पष्टिकरणः गाउँपालिका क्षेत्रभित्र बाहेक अन्य स्थानिय तह वा जिल्लाबाट बिज्ञ प्रशिक्षक आमन्त्रण गरी प्रशिक्षण दिइने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा माथि ग (ऋ) मा उल्लेखित भत्ताको अतिरिक्त प्रचलित सवारी साधन भाडा उपलब्ध गराउन सकिनेछ । गाउँपालिकाको श्रोतबाट गैर सरकारी संस्थाहरुले सञ्चालन गर्ने तालिमहरुमा समेत यो व्यवस्था लागु हुनेछ ।सङ्घीय सरकार र प्रदेश सरकारबाट कार्यक्रम सञ्चालन गर्न दफा ५ मा उल्लेखित विवरण तथा दर वाहेक अन्य दर र विवरण  तोकि पठाएमा सोहि दर र विवरणमा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिइने भत्ता प्रति कक्षा २० जना सहभागीलाई मानिनेछ।तर प्रयोगात्मक प्रकृतिको तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिइने भत्ता प्रति कक्षा १० जना सहभागीलाई मानिनेछ।*